# लेखकलाई अनुरोध

१. *मिडिया अध्ययन* नेपाली मिडियाबारेको वार्षिक जर्नल हो र यो नेपालीमा प्रकाशन हुन्छ । मिडियाबारे खँदिला र विश्लेषणात्मक सामग्रीको अभाव भइरहेको सन्दर्भमा मिडियाका विभिन्न पाटाहरूबारे अनुसन्धान गर्न चाहनेका लागि साझा चौतारी उपलब्ध गराउन यसको सुरुआत भएको हो ।

२. यस जर्नलमा आमसञ्चार (मिडिया) क्षेत्रभित्र पर्ने छापा, रेडियो, टेलिभिजन, विज्ञापन, चलचित्र/डकुमेन्ट्री, पुस्तक प्रकाशन, सूचना प्रविधि, फोटोग्राफी, रंगमञ्च, मुद्रण र इन्टरनेटबारेका अनुसन्धानमूलक तथा प्राज्ञिक लेख, टिप्पणी, संस्मरण/डायरी, पुस्तक समीक्षा, साहित्य समीक्षा, अन्तर्वार्ता, प्रतिवेदन, सन्दर्भ सामग्री र सान्दर्भिक दस्तावेज प्रकाशन हुन्छ । यसका अतिरिक्त मिडिया उद्योगभित्रका समग्र पक्ष जस्तैः मिडियाको अन्तर्वस्तु वा सामग्रीको निर्माण, वितरण र उपयोगबारे लेखिएका लेख पनि जर्नलमा छापिन्छन् ।

३. लेख मौलिक हुनुपर्छ । अन्य ठाउँमा प्रकाशित वा प्रकाशनार्थ दिइएका लेख समावेश गरिनेछैन । यद्यपि दुर्लभ र पुराना लेखहरूको सान्दर्भिकता मूल्यांकन गरी पुनः प्रकाशन गर्ने नीति रहेको छ । अंग्रेजी वा अन्य भाषामा लेखिएका सामग्रीलाई पनि उपयोगिताका आधारमा नेपालीमा अनुवाद गरेर अनुमति लिई प्रकाशन गर्न सकिनेछ ।

४. लेख साधारणतया दुई हजारदेखि दश हजार शब्दसम्म हुनुपर्छ तर विषय र लेखन हेरी केही छोटा वा लामा लेख पनि प्रकाशन गर्न सकिन्छ । लेखसँगै सान्दर्भिक तालिका, नक्सा, बक्स, तस्बिर आदि समावेश गर्न सकिनेछ र प्रकाशनका लागि स्वीकृति लिने जिम्मा लेखकको हुनेछ ।

५. प्रकाशनार्थ बुझाइएको लेख फिर्ता नहुने भएकाले लेखको एक प्रति आफैँसँग सुरक्षित राख्नुपर्छ ।
६. प्राप्त लेखहरूको महत्त्व र सान्दर्भिकता तथा जर्नलको नीति र उद्देश्यका आधारमा सम्पादक समूहले प्रारम्भिक छनौट गर्नेछ । छनौटपश्चात् सम्पादक मण्डल र आवश्यक परेमा सम्बन्धित विषयका ज्ञाताले लेखको सूक्ष्म अध्ययन गर्नेछन् र तिनले दिएका सुझावका आधारमा लेखको परिमार्जनका लागि लेखकलाई आग्रह गरिनेछ ।
७. लेखको अन्तिम प्रारूप स्वीकृतिका लागि लेखकलाई देखाइनेछ । लेखमा व्यक्त विचारप्रति लेखक स्वयं जिम्मेवार हुनुपर्ने छ ।
८. लेख टाइप गरिएको रूपमा हुलाक वा इमेलमार्फत पठाउन सकिनेछ । लेख ए-फोर (A4) आकारको पृष्ठमा चारै किनारामा एक-एक इन्च खाली छोडी पृष्ठको एकातर्फ एक कोलममा मात्र टाइप गरिएको वा लेखिएको र हरेक पृष्ठमा पृष्ठ संख्या उल्लेख भएको हुनुपर्ने छ ।
९. पादटिप्पणी (फुटनोट) सम्बन्धित पृष्ठको पुछारमा संख्यात्मक क्रममा हुनुपर्ने छ । तालिकाभित्र उल्लिखित कुनै पाठ्यांशको पादटिप्पणी दिनुपर्ने भएमा सोही तालिकाको ठीक तल कुनै संकेत चिह्नका साथ दिन सकिन्छ ।
१०. अनुसन्धान वा लेखनको सिलसिलामा लिइएका कुनै प्रकारको सहयोगका लागि कसैप्रति धन्यवाद वा कृतज्ञता ज्ञापन गर्नु परेमा लेखको अन्तमा सन्दर्भसूचीभन्दा अगाडि उल्लेख गर्न सकिनेछ ।
११. कसैको भनाइ वा लेखनलाई सीधै उद्धृत गर्दा ५० शब्दसम्मको उद्धरण भएमा डबल इन्भर्टेड कमा (" ") भित्र तथा त्यसभन्दा बढी भएमा छुट्टै अनुच्छेदमा अक्षरको आकार घटाई 'इन्डेन्ट' गरेर राख्नुपर्ने छ । यस्तो उद्धरण पुस्तक वा अन्य सामग्रीबाट उद्धृत गरिएको हो भने त्यसको अन्तमा स्पष्टसँग स्रोत खुलाउनुपर्ने छ जस्तै :

> आपूर्ति बढ्नु नराम्रो होइन । छनौटको अवसर उपलब्ध हुन्छ । प्रतिस्पर्धाले गुणस्तर बढाउँछ । प्रस्तुतिलाई सुधार गर्छ । हुनुपर्ने त त्यसो हो तर हुँदैन । एउटाले अखबार पढे, सबै त्यही गर्छन् । एउटाले गजल बजाए, अर्काले पनि बजाउनु परिहाल्यो । यो 'म पनि' को लक्षणले श्रोतालाई विरक्त बनाउन सक्छ । प्रतिस्पर्धाले सिर्जनाभन्दा पनि सुरक्षित तरिकालाई बढावा दिनु जडताको लक्षण हो (लाल २०५९ : १११) ।

यदि कसैद्वारा व्यक्त भनाइ हो भने कुन मिति र सन्दर्भमा व्यक्त गरिएको भन्ने कुरा उद्धरणको अन्तमा पादटिप्पणी (फुटनोट) दिई उल्लेख गर्नुपर्ने छ । जस्तै : खगेन्द्र संग्रौलासँग २०६९ असार १२ मा गरिएको कुराकानी ।

१२. लेखमा प्रयोग भएका तथ्यांक, तालिका, बक्स, तस्बिर, उद्धरण सबैको सन्दर्भ सामग्री वा स्रोत उल्लेख गर्नुपर्ने छ । लेखको अन्तमा सन्दर्भसूची दिनुपर्ने छ । लेख वा पादटिप्पणीमा उल्लेख गर्दा लेखकको थरका साथमा वर्ष र कुनै सामग्री जस्ताको त्यस्तै उद्धृत गरिएमा पृष्ठ संख्या समेत खुलाउनुपर्ने छ (जस्तै : अधिकारी २०६१; ओझा २०६० : २५) । दुई जनासम्म लेखक/सम्पादक भए दुवैजनाको थर (जस्तै : नेपाल र जोशी २०६१) र त्यो भन्दा धेरै भएमा पहिलो व्यक्तिको थरपछि 'र अरू' थप्नुपर्छ (जस्तै : वन्त र अरू २०६२) । वि.सं. बाहेक अन्य संवत् हो भने मितिका अघिल्तिर सन्/ने.सं. आदि लेख्नुपर्छ । सन्दर्भसूचीमा भने सबै लेखक/सम्पादक, प्रकाशन मिति, शीर्षक, पुस्तक वा पत्रिकाका नाम, प्रकाशन स्थान र प्रकाशकको नाम, म्यागेजिन वा जर्नल भए त्यसको अंक आदि विवरणहरू खुलेको हुनुपर्ने छ । सन्दर्भसूची लेखक/सम्पादकको थरको वर्णानुक्रमका आधारमा राखिन्छ । अन्य भाषाको सामग्री उद्धृत गरिएको भए मूल पाठमा नेपाली भाषा र देवनागरी लिपिमा अनुवाद गरी राख्नुपर्ने छ भने सन्दर्भ सूचीमा सम्बन्धित भाषा, लिपि र मितिमा नै राखिनुपर्छ । स्रोतको प्रकृतिका आधारमा सन्दर्भसूचीको तरिका तलका उदाहरणमा दिइएअनुसार हुनुपर्ने छ :

**क. पुस्तक :** प्रधान, प्रमोद । २०६१ । *मोरङमा पत्रकारिताको अर्धशताब्दी* । काठमाडौँ : मार्टिन चौतारी ।

**ख. सम्पादित पुस्तक :** वन्त, प्रत्यूष र रघु मैनाली, सं. । २०५९ । *स्थानीय रेडियो : सम्भावना र उपयोगिता* । काठमाडौँ : नेपाल प्रेस इन्स्टिच्यूट र मार्टिन चौतारी ।

**ग. सम्पादित पुस्तकको लेख :** थापा, वसन्त । २०६२ । रेडियोका गीत र समयको फेर । *रेडियोसँग हुर्कंदा : तीनपुस्ते नेपालीको अनुभव* । शेखर पराजुली र प्रत्यूष वन्त, सं., पृ. ११७–१२९ । काठमाडौँ : मार्टिन चौतारी ।

**घ. एकजनाले लेखेको पुस्तकभित्रको निबन्ध वा रिपोर्ट :** ओझा, देवीप्रसाद । २०६० । पत्रकारितासँग सुदूरपश्चिमको परिचय । *सुदूरपश्चिममा पत्रकारिता*, पृ. २२–२९ । काठमाडौँ : मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।

**ङ. जर्नलको लेख :** हुमागाईं, देवराज । २०६२ । नेपाली मिडियाका पुस्तक प्रकाशन : विविध पाटाहरू । *रूपान्तरण : समाज अध्ययन* १ : ९७–११९ ।

भट्ट, कोमल । सन् २००१ । सन्ध्याकालीन पत्रिका : के पस्किरहेछन्, कसरी चलिरहेछन् ? *स्टडिज इन नेपाली हिस्ट्री एन्ड सोसाइटी* ६(१) : १०३–१३२ ।

**च. एकभन्दा धेरै लेखक :** नेपाल, विष्णुराज र नृपराज जोशी । २०६१ । रेडियो कार्यक्रम उत्पादन : साथीसँग मनका कुराको अनुभव । *रेडियो नेपालको*

*सामाजिक इतिहास* । प्रत्यूष वन्त, शेखर पराजुली, देवराज हुमागाई, कृष्ण अधिकारी र कोमल भट्ट, सं., पृ. २७२-२९४ । काठमाडौँ : मार्टिन चौतारी ।

**छ. सेमिनारमा प्रस्तुत कार्यपत्र** : Adhikari, Mahesh P. 1993. State of Broadcasting in Nepal. Paper presented in a South Asian Seminar on Community Broadcasting held in Kathmandu on 18-20 October, organized by Nepal Forum for Environmental Journalists with Worldview Nepal.

**ज. अप्रकाशित सामग्री** : कोइराला, भारतदत्त, संयोजक । २०५९ । विद्युतीय सञ्चारमाध्यमलाई व्यवस्थित र विकसित गरी सञ्चालन गर्नेबारेका सुझावहरू । अप्रकाशित प्रतिवेदन, श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालय ।

**झ. म्यागेजिन तथा अखबारको लेख, समाचार र विज्ञापन/सूचना (क्रमशः)** : अधिकारी, कृष्ण । २०६० । रेडियो नेपालका प्रकाशनहरू । *झंकार* ५३(१-२) : २१-३४ ।

दाहाल, पुरुषोत्तम । २०६१ । थोत्रा नेसनल पानासोनिकको पुनर्जन्म । *नेपाल समाचारपत्र*, १८ फागुन, पृ. ४ ।

कान्तिपुर । २०६२ । माओवादी एफएमबारे अमेरिकी चासो । १७ साउन, पृ. १ ।

हिमाल । २०६१ । रेडियो सगरमाथाको समाचार बुलेटिन "हालचाल" (विज्ञापन) । १४(१) : २५ ।

**ञ. इन्टरनेटमा प्रकाशित लेख** : Kumar, Kanchan. 2003. Mixed Signals: A History of Radio Broadcasting Policy in India. Available at http.//mail.sarai.net/pipemail/cr-india/2003-june/002416.html website. Accessed on 9 January 2006.

*मिडिया अध्ययन*को आठौँ अंकमा लेख्न चाहने व्यक्तिहरूलाई २०६९ कात्तिक १५ देखि २०६९ पुस १६ भित्रमा आफ्ना लेख/संस्मरण/टिप्पणी बुझाउन अनुरोध गरिन्छ ।

**सम्पर्क** :

सम्पादक मण्डल, मिडिया अध्ययन (जर्नल)
मार्टिन चौतारी, काठमाडौँ, नेपाल
पोस्ट बक्स १३४७०; फोन ४२३८०५०, ४१०२०२७, ४२४०२४३
फ्याक्स ४२४००५९ इमेल maj.mdc@gmail.com
वेब साइट www.martinchautari.org.np